## डेंगु ज्वरो (Dengue Fever) नियन्त्रण सम्बन्धि देवदह नगरपालिकाको सूचनाः

डेंगु ज्वरो एडिस जातको लामखुट्टेको टोकाईबाट सर्ने भाईरस युक्त महामारिको रुपमा फैलिईरहेको सरुवा रोग हो । यो रोग लागेमा अकस्मात १०१ डिग्री फरेनह्याईट भन्दा माथि ज्वरो आउने, ,शरिरमा राता डावर आउने,आँखाको गेडी, हाड जोर्नी, पेट, टाउको, तथा शरीर कडा किसिमले दुख्ने,वान्ता हुने र ज्वरो सहित नाक र गिँजाबाट समेत रक्तश्राव हुने हुनाले यो रोगबाट बच्न तपशिलका उपाय अपनाऔं ।

**तपशिलः-**

- ✓ लामखुट्टेको टोकाईबाट बच्न शरिर ढाक्ने गरी कपडा लगाउने
- ✓ सुत्दा झुल तथा लामखुट्टेको टोकाईबाट बच्ने मल्लहमको प्रयोग गर्ने
- ✓ घरको झ्याल ढोकामा जाली लगाउने
- ✓ सफा पानी जमेको ठाउँमा मात्र यस जातको लामखुट्टेले फुल पार्ने हुँदा पानी राख्ने भाँडाहरु छोपेर राख्ने ।
- ✓ पानि जमेका खाल्डा खुल्डी पुर्ने तथा सफा गर्ने ।
- ✓ उल्लेखित लक्ष्यण र चिन्हहरु देखा परेमा तुरुन्त स्वास्थ्य संस्था तथा नजिकको अस्पतालमा चेकजाँच गर्ने ।

***देवदह नगरपालिकामा समेत यसको संक्रमण भेटिएको र डेंगु ज्वरो विरुद्द कुनै खोप नभएकोले लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगुबाट बच्ने एक मात्र उपाय हो त्यसैले आफुँ सचेत रही अरुलाई पनि सचेत गराऔं ।***